# कमलबजार नगरपालिकाको नगर प्रमुख श्री यज्ञ प्रसाद ढकालले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८१/०८२ को  निति तथा कार्यक्रम

कमलबजार नगरपालिका अछाम

२०८१ साल असार १० गते

# कमलबजार नगरपालिका,अछाम
# आर्थिक बर्ष २०८१/८२ को नीति तया कार्यक्रम

**नगरसभाका उपाध्यक्षज्यू लगायत सम्पूर्ण नगरसभा सदस्य एवम् कर्मचारीहरु.सर्वप्रथम कमलबजार नगरपालिकाको नगरसभाको चौधौ अधिवेशनमा हार्दिक स्वागत गर्दछु ।**

१. नगरपालिकाको आर्थिक वर्ष ०८१/८२ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ। यस अवसरमा म. नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्थानीय स्वशासनको लागि नेपाली जनताले गर्दै आएको ऐतिहासिक जनआन्दोलनमा जीवन बलिदान गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको रक्षार्थ कठिन परिस्थितिमा त्याग र नेतृत्व गर्नु हुने आदरणीय अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु।

२. विगत झै यस कमलबजार नगरपालिकाले संघ, प्रदेश र स्थानीय तह संग को सहकार्य समन्वय र सहअस्तित्व को संबैधानिक अन्तर सम्बन्ध को मान्यता लाई निरन्तरता दिदैं नगरको समग्र विकासमा आवश्यक सहयोग पुग्ने गरी कार्य सम्पादन गर्ने गराउने विश्वास दिलाउदै सोहि बमोजिमको अपेक्षा लिएको छु ।

**सभा सदस्य ज्यूहरु**

३. स्थानीय तहको दोस्रो निर्वाचन सम्पन्न भई निर्वाचित जनप्रतिनिधि हरुले कार्यभार सम्हालेको २ वर्ष अवधि पुरा भैसकेको छ ।यसै क्रममा नेपालको संविधान स्थानीय सरकार सन्चालन ऐन र प्रचलित कानुन तथा नगरपालिका द्बारा निर्माण भएका विभिन्न ऐन कानुनको कार्यान्वयन मार्फत विधिको शासनको अभ्यास गरिदै आएको छ ।

४. संघीय राजधानी शहर काठमाण्डौबाट धेरै टाढा रहेको तर विकासका प्रचुर संभावना वोकेको कमलबजार नगरपालिका विकासको मापनमा केहि पछाडि परेको देखिन्छ ।आर्थिक, सामाजिक सुचकहरु अन्य नगरपालिकाका भन्दा कमजोर रहेको पाइन्छ। अझै पनि यस नगरपालिकाको अधिकांश स्थानहरुमा स्वच्छ खानेपानीको वितरण वाँकी छ भने कमलबजार मंगलसैन सडक , कमलबजार मष्टावण्डाली सडक र कमलबजार बजुडा सडक वाहेक सबै मौसममा चल्ने सडकको अभावमा बिरामीलाई अस्पताल र स्वाथ्य केन्द्रसम्म पुग्न पुऱ्याउन कठिन छ । नगरको केहि क्षेत्रमा विद्युत पुगेको भएतापनि सेवाको गुणस्तर कमजोर छ । धेरैजसो युवाहरु कामको खोजीमा विदेशिएका छन् ।थुप्रै

खेतियोग्य जमिन बाँझिएका छन् भने परम्परागत कृषि प्रणालीका कारण कृषकको जीवनयापनमा कठिनाई उत्पन्न भएको छ । कृषि पेशालाई व्यवसायिकरण, वजारीकरण तथा यान्त्रिकीकरण गरी सम्मान जनक पेशाको रुपमा विकास गर्न नसकिएको कारण यस क्षेत्रमा जनशक्तिको अभाव हुन गई उत्पादन लागत पनि बढ्दो क्रममा छ ।सडक लगायतका न्यूनतम पूर्वाधार अभावका कारण सहज आवागमनमा असहजताका साथ साथै आधारभूत सेवा प्रवाहमा कठिनाई परेको छ ।

**सभा सदस्य ज्यूहरु**

**आगामी आ.व. २०८१/८२ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नु अघि हालसम्म भएका मुख्य उपलब्धिहरु उल्लेख गर्न चाहन्छु।**

१. नगरपालिकाको पहलमा कमलबजार इलाका प्रहरी कार्यालयको भवन निर्माण भएको छ। त्यसैगरी, वडा नं.६ को ठाटिखादमा अस्थाइ प्रहरी विट स्थापना भएको छ र पालिकाको अन्य स्थानमा आवश्यक्ता अनुसार प्रहरी विटको स्थापनाका लागी पहल गरिनेछ ।

२. पालिकाको कार्य सम्पादनलाई व्यवस्थित गर्न अत्यावश्यक कानुनहरु निर्माण गरिएको छ।

३. कमलबजार नगरपालिकाको मुख्य सडक गैरिटाड कमलबजार क्षेत्रमा सड़क कालोपत्रेका लागी काम भईहरेको छ।

४. कृषि तथा पशुपन्छी कार्यक्रम अन्तर्गत आकस्मिक बाली संरक्षण, माटो परिक्षण, साना सिचाई अनुदान, तरकारी तथा मसाला बालीको बिउ र आलु पकेट कार्याक्रम संचालन भएको छ।

५. पशुपन्छीमा लाग्ने महामारी रोग नियन्तरणका लागि खोप कार्यक्रम, आकस्मिक रोग नियन्त्रण कार्यक्रम, भैसी गोठ सुधार, दुध डेरी तथा मासु पसल सुधार कार्यक्रम संचालन भएको छ।

६. उधम विकास अन्तर्गत उधमीहरुलाई उधमशिल्ता विकास तालिम, ग्रामिण लेखाजोखा तालिम र तरकारी खेती सम्बन्धी सिप विकास तालिम संचालन भएको छ ।

७. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत श्रमको सम्मान राष्ट्रको अभियान क्रियाकलाप संचालन गर्दै सबै वडामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ९६ जना लाई १०० दिनको रोजगारी सिर्जना गरी पुर्वाधार विकास निर्माण कार्य भएको छ।

८. महिला, बालबालिका तथा जेष्ठ नागरिक कार्यक्रम अन्तर्गत महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङगता सम्बन्धी विभिन्न कार्यक्रमहरु गरी सोसंग सम्बन्धित राष्ट्रिय र अन्तराट्रिय दिवसहरु मनाइएको छ।

९. राष्ट्रिय परिचयपत्रलाई सामाजिक सुरक्षा कार्यक्रममा अनिवार्य गरिए बमोजिम यस पालिकाको केन्द्रमा राष्ट्रिय परिचयपत्रको अस्थायी स्टेसन स्थापना गरी १५० भन्दा बढि व्यक्तिहरुको राष्ट्रिय परिचयपत्र विवरण दर्ता कार्य भएको छ।

१०. न्यायिक समिति सम्बन्धी सामुदायिक मेलमिलाप कर्ताहरुका लागि मेलमिलाप सम्बन्धी पुनर्ताजकी तालिम संचालन गर्दै मेलमिलाप केन्द्र व्यावस्थापन गर्ने कार्य भएको छ।

११. खानेपानी सम्बन्धी विभिन्न खानेपानी योजना अन्तर्गत एक घर एक धारा निर्माण गरी खानेपानीको पहुचमा बृद्धि भएको छ।

१२. पूर्वाधार विकास अन्तर्गतका विभिन्न सडकहरुको स्तरोन्नती गर्नुका साथै खेलकुद पूर्वाधार कार्यक्रम अन्तरगत कबर्डहलको ट्रसछाना लगाउने कार्य भएको छ ।

१३. विद्यालयहरुको नगरपालिका स्तरिय संयुक्त अनुगमन गर्दै विद्यार्थि मूल्याँकन,अभिलेख व्यवस्थापन तालिम तथा सामाग्री वितरण गरिएको छ ।

१४. वडास्तरिय विद्यार्थि सिकाई स्तर, समिक्षा तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्दै शैक्षिक शत्र २०८० को शैक्षिक कार्ययोजना निर्माण तथा शैक्षिक पात्रो प्रकाशन गरिएकोछ।

१५. शिक्षक दरवन्दी तथा विद्यार्थी अनुपातको आधारमा नगर अनुदान शिक्षक र शिक्षण सहयोग अनुदान प्राप्त गर्ने विद्यालयहरुमा २०८० चैत्र मसान्त सम्मको तोकिए वमोजिमको शिक्षण सहयोग अनुदान रकम विद्यालयमा निकासा भएको छ।

१६. कमलवजार बहुमुखि क्याम्पसको लागि शिक्षण सहयोग अनुदान प्रदना गरिएको छ।

१७. विद्यालयमा पुस्तकालय व्यवस्थापन,आईसिटी व्यवस्थापन तथा विज्ञान प्रयोगशाला स्थापना गरिएकोछ।

१८. शैक्षिक गुणस्तर तथा विद्यालय व्यवस्थापन सुधारका लागी शिक्षा विज्ञद्वारा विशेषज्ञ सेवा प्रदान गरिएको छ।

१९. कमलबजार नगरपालिकाका १०वटै वडामा न्याय हेल्थको सहकार्यमा नियमित ३५० जनाको गर्भवती जाच तथा प्रयोगशाला सेवा तथा पाठेधरको मुख को क्यान्सर जाँच भएकोछ।

२०. कमलबजार नगरपालिकाका १०वटै वडामा ग्रामिण भिडियो एक्सरे कार्यक्रम मार्फत समुदायमा ७६२ जनाको गर्भवतीको भिडियो एक्सरे मार्फत गर्भजाँच गरिएको छ।

२१. सेटेलाईट किल्निक मार्फत समुदायमा ईम्पलान्ट ,आयुसिडि परिवार नियोजनको २५० जना लाई सेवा प्रदान भएको छ ।

२२.गर्भवती निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने कार्य अन्तरगत २५ जना महिलालाई निशुल्क एम्बुलेन्स सेवा प्रदान गरीएको छ।

२३.तिलगंगा आखा अस्पताल नेपाल नेत्र ज्योति सघं, गेटा आखा अस्पताल ,स्वास्थ्य कार्यालय अछाम संगको सहकार्यमा निशुल्क बृहत आखा शिविर सञ्चालन गरी ७८० जना व्यक्तिहरुले सेवा प्राप्त गरेका छन।

२४.पोलियो रोग उन्मुलनका लागी दश वटै वडामा आई.पी.भी. खोप अभियान संचालन भएको छ।

**सभा सदस्य ज्यूहरु**

अब म आगामी आर्थिक वर्ष २०८०/८१ की नीति तथा कार्यक्रम यस सम्मानित नगर सभामा प्रस्तुत गर्दछु।

**अ) आर्थिक विकास नीतिः**

क) कृषि नीति

१. "**आर्थिक समृद्धिको पहिलो आधार कृषि**" भन्ने मुल नारा का साथ राष्ट्रिय अर्थतन्त्रको विकासको मेरुडण्ड को रुपमा रहेको कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि गर्न जोड दिईनेछ। निर्वाहमुखि,कृषि प्राणालि लाई रुपान्तरण गरी कृषि क्षेत्रको आधुनिकिकरण र व्यवसायिकरण तथा कृषि उपजको भण्डारणका साथै बजारीकरण समुचित प्रबन्ध मिलाईनेछ। खाद्य तथा पोषण सुरक्षालाई उच्च प्राथमिकता दिई कार्यक्रम संचालन गरिने छ ।

२. कृषि बिउबिजन विरुवा,नश्ल, मलखाद र रसायन तथा औषधिहरुको आपुर्ति.उपयोग र नियमनलाई व्यवस्थित र प्रभावकारी बनाई साझेदारीमा उपलब्ध गराईने नीति लिईने छ ।

३. कृषि पेशालाई मर्यादित बनाउन र कृषि क्षेत्रमा उत्कृष्ट कार्य गर्ने कृषकहरुलाई सम्मान गर्न **नगरप्रमुख उत्कृष्ट कृषक पुरस्कार** वितरण कार्यक्रम संचालन गरिनेछ ।

४. कृषकहरु लाई कृषि पेशामा आकर्षित गर्न तथा कृषि पेशामै सुरक्षित भविश्य छ भन्ने प्रत्याभुति दिलाउने उदेश्यका साथ कृषि तथा पशुपन्छी बीमा कार्यक्रम संचालन गरिनेछ ।

५. पालिका भित्र **"एक घर,एक फलफूल"** तथा **"एक घर एक करेसावारी, बाहैं महिना हरियो र पोषीलो तरकारी "** अभियान संचालन गर्न कृषकहरु लाई अभिप्रेरित गरिनेछ ।

६. "**उत्पादन साथमा अनुदान हातमा** " भन्ने मूल नाराका साथमा उत्पादनमा आधारित बनाईनेछ प्रत्येक वडाको सम्भाव्यता अध्ययन गरी **नगर उपप्रमुख कृषि पकेट** कार्यक्रम संचालन गरिनेछ ।

७. रैथाने बालि खेति को विस्तार गरी यसको महत्व बारे प्रचार-प्रचार गर्दै समुदायको पोषण अवश्थामा सुधार गर्नका लागी वार्षिक रुपमा निम्न अनुसारकको रैथाने बालि उत्पादन गर्ने किसान लाई निम्न अनुसारको पोत्साहन रकम उपलब्ध गराईने छ।

क) दस कुईन्टल कोदो उत्पादन गर्ने किसान लाई रु २० हजार,

ख) विस कुईन्टल भटमास उत्पादन गर्ने किसान लाई रु ३५ हजार

ग) विस कुईन्टल धान उत्पादन गर्ने किसान लाई रु २० हजार

घ) विस कुईन्टल मकै उत्पादन गर्ने किसान लाई रु २० हजार

ङ) ३ कुईन्टल मास उत्पादन गर्ने किसान लाई रु १० हजार

च) ३ कुईन्टल गत उत्पादन गर्ने किसान लाई रु १० हजार

८. जलवायू परिवर्तन मैत्रि प्रविधि (थोपा सिंचाई,प्लाष्टिक पोखरी,प्लाष्टिक घर,आकाशे पानीको संकलन,जुठेल्नोको पानी व्यवस्थापन ) गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

९. बाँझो जमिनको सदुपयोग गरी सामूहिक खेति प्रणालिको शूरुवात गरी कृषिमा आधारित जिविकोपार्जन कार्यलाई जोड दिईने छ र सामुहिक खेति गर्ने किसानहरु लाई वार्षिक रु ३० हजार प्रोत्साहन उपलव्ध गराईने छ।

१०. नगरपालिका लाई कृषिमा आत्म निर्भर बनाउन,कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न माटो शिविर संचालन गरी माटो अनुकूल उपयूक्त क्षेत्रमा उपयूक्त वाली लगाउन कृषकलाई सहजिकरण गरिनेछ ।

११. कृषकहरुको क्षमता अभिबृद्धि गर्ने जस्ता कार्यक्रम लाई निरन्तरता दिईनेछ ।

१२. राष्ट्रिय अर्थतन्त्रको मुख्य आधारको रुपमा रहेको पशुपन्छी पालन व्यवसायलाई उत्पादन र उत्पादकत्व वृद्धि गर्न जोड दिईनेछ। पशुपन्छी पालनलाई व्यवसायिक र आधुनिक तरिकाले गर्न जोड दिईनेछ।

१३. वस नगरपालिका भित्र रहेको कृषकहरुको पशुपन्छीमा रहेको र भैपरी आउने समस्याहरुको पहिचान गरि पशुपन्छीको औषधि तथा उपचारको निशुल्क व्यावस्थापन गरिने छ।

१४. खोप लगाउ रेविज उन्मुलन गरौ भन्ने मूल नाराका साथ सन् २०३० सम्म रेविज रोगबाट हुने मृत्युलाई शुन्यमा पुर्याउ भन्ने लक्ष्यलाई जोड दिदै रेविज खोप अभियान संचालन गरिनेछ र रेविज रोग बारे जानकारी दिईनेछ। साथै पशुपन्छीमा माहामरी रोग रोकथामका लागी निशुल्क खोपको व्यवस्थापन गरिने छ र जुनोटीक रोगको बारेमा जनचेतना कार्यक्रम सञ्चालन गरिने छ ।

१५. पशुपंछी क्षेत्रमा उत्पादकत्व बढाउन र उन्नत नश्लको विकास गर्न कृत्रिम गर्भधान कार्यकम संचालन गरिनेछ ।

१६. "दुध उत्पादन गरौ आत्मनिर्भर बनौ भन्ने भनाईका साथ कृषकलाई व्यावसायिक रुपमा दुध तथा दुग्धपदार्थ उत्पादन गर्न जोड दिईने कार्यकम संचालन गरिनेछ ।

१७. स्थानीय स्तरमा उपलब्ध भएको दानामा प्रयोग हुने स्रोत साधन (मकै, भटमास, जौ, गहु, पिना आदी। को प्रयोग गरि सन्तुलित पशु आहारा तथा UMMB बनाउन कार्यक्रम संचालन गरिनेछ।

१८. पशुपंछी पालन व्यवसाय गर्दा हुने जोखिमलाई ध्यानमा राखी जोखिम न्यूनीकरण गर्न पशुपंछी सम्बन्धी विमा कार्यक्रम संचालन गरिनेछ।

१९. कृषकको आवश्यकतालाई मध्यनजर गर्दै प्रत्येक वडामा पशु स्वास्थ्य शिविर संचालन गरिनेछ ।

२०. यस नगरपालिका भित्र पशुपालन क्षेत्रमा स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराउन यस पालिका भित्र रहेका कृषक समुह/सहकारी/फार्म छनौट गरि उत्कृट कृषक समुह/सहकारी/फार्मलाई निम्नानुसार सम्मान प्रोत्साहन कार्यक्रम संचालन गरीनेछ ।

क) पाँच भैसि पाल्ने किसान लाई वार्षिक रु ५० हजार।

ख) पचास बाख्रा देखि एक सय बाख्रा सम्म पाल्ने किसान लाई वार्षिक रु १लाख सम्म।

ग) ५० देखि एक सय सम्म लोकल कुखूरा पाल्ने किसान लाई वार्षिक रु २५ हजार सम्म।

**ख) जलश्रोत तथा सिंचाई नीतिः**

१. कमलबजार नगरपालिका भित्रका सिचाई प्रणाली व्यवस्थित गर्न विशेष पहल गरिने छ। नगरपालिकाभित्रका सबै कृषियोग्य भूमिमा सिँचाईको सुनिश्चिता गर्न आवश्यक कार्य गरिनेछ।

२. स्थानीय साना सिचाई सञ्चालन निर्माण, सुधार, मर्मत सम्भार तथा सेवा शुल्कको निर्धारण र सङ्कलन व्यवस्थापन गरिनेछ।

३.नदी खोला बाढी एवं जल उत्पन्न प्रकोप नियन्त्रण सम्वन्धमा स्थानीय जनताको सहभागितामा कार्य अगाडि बढाइने नीति लिइनेछ।

**ग) उद्योग सहकारी नीतिः**

१.सहकारी संस्था लाई प्रभावकारी पारदर्शि चुस्त दुरुस्त बनाउन विभिन्न क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ ।

२ .उत्कृष्ट सहकारी संस्थालाई सहकारी दिवसको अवसर पारेर प्रोत्साहन स्वरुप सम्मान गरिनेछ।

३ .सबै सहकारी संस्था हरु लाई कोपोमिस मा आवद्द गरी प्रभावकारी रुपमा अगाडी बढाईनेछ ।



कमलबजार नगरपालिकाको कार्यालय

४ .सहकारीका सबै सेयर सदस्य हरु लाई सहकारी शिक्षा प्रदान गरिनेछ ।

५. महिला गरिब सिमान्तकृत अपाङ्ग भुमिहिन तथा पिछडिएको वर्ग र श्रमिकहरुका साथै आम नागरिकको जिवनस्तरमा सुधार ल्याउन सहकारी को पंहुच अभिबृद्दि गर्न प्रयत्न गरिनेछ ।

६ .सहकारी तथा सामुदायिक संस्थाको अनुगमन र नियमन शुशासन एकिकरण बचत तथा लगानिको सदुपयोग सुरक्षा गर्न आवश्यक व्यवस्था मिलाईनेछ । साथै सहकारी क्षेत्रको पुर्ण संरचना सहित बचत तथा ऋण सहकारी लाई उत्पादन तथा श्रम क्षेत्रमा केन्द्रित हुन प्रेरित गरिनेछ ।

७.स्थानीय उत्पादनलाई सहकारी मार्फत बजारीकरण गर्न प्रोत्साहन गर्न सहकारी मार्फत विद्यालयलाई दिवाखाजा कार्यक्रम लाई व्यवस्थित गर्न बित्तिय साक्षरता कार्यक्रम मार्फत शेयर सदस्यहरुलाई आर्थिक रुपमा सबल बनाईनेछ ।

८ .नगरपालिका भित्र रहेका सहकारी हरु लाई थप व्यबस्थित गर्न सहकारी एकिकरण अभियान सुरु गरिनेछ ।

**घ) पर्यटन नीतिः**

१. पर्यटन प्रवर्द्धन "सुन्दर कमलबजार , समृद्ध कमलबजार " भन्ने मूल नाराका साथ पर्यटन प्रवर्द्धन र विकास गर्न सरोकारवाला निकायसँग समन्वय, छलफल गरी पर्यटन गुरु योजना तयार गर्न पहल गरिनेछ र कमलबजारका १० प्रमुख प्रयटकिय स्थलको प्रचार प्रसार गरिनेछ।

२.कमलबजार नगरपालिका बाईकोट देखि पाचुलीसम्म जिपलाईन र पदमार्ग निर्माण गरिनेछ।

३. कृषि, शैक्षिक, धार्मिक पर्यटन, हरित पार्क निर्माण लगायतका क्षेत्रको आवश्यक प्रवर्द्धन र विकास गरिनेछ।

**सभा सदस्य ज्यूहरु**

**आ) सुशासन सम्बन्धी नीतिः**

**क) गरिवी निवारण नीतिः**

१. गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण र सूचना व्यवस्थापन कार्यपश्चात् गरिवी निवारणको स्थानीय रणनीति तर्जुमा गरी रोजगारीका अवसर सिर्जना गर्न जोड दिइनेछ। गरिवी निवारणसम्बन्धी राष्ट्रिय, प्रादेशिक र स्थानीय संस्थासँग निरन्तर सम्पर्क, समन्वय र सहकार्य गरिनेछ।

२. गरिब घरपरिवार पहिचानसम्बन्धी स्थानीय सर्वेक्षणमार्फत् लगत कायम रहेका गरिब घरपरिवारको तथ्याङ्कलाई अद्यावधिक गर्न जोड दिइनेछ।

**ख) श्रम तथा रोजगारी नीतिः**

१. स्थानीय तहमा दिर्घकालिन रोजगारी सिर्जना तथा वेरोजगार न्युनिकरणको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम संग स्थानीय तह साझेदारी मार्फत सिप विकास तालिम, कार्यक्रम तथा आयोजनाहरु संचालन गरिनेछ ।

२. युवा तथा वेरोजगार वर्गलाई लक्षित गरी सिपमुलक तालिमहरु संचालन गरी व्यवसायिक वनाउने कार्यक्रमहरु कार्यान्वन गरिने छ ।

३. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारीमा खटिनु पूर्व क्षमता विकास सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरिने छ ।

४. श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप संचालन गरिने छ ।

५. पालिकाको स्थानीय रोजगार नीति बनाई कार्यान्वयन गर्न जोड दिइनेछ।

६. नगरपालिकाको नगरस्तरीय तथा बडास्तरीय आयोजनाहरुमा रोजगार सेवा केन्द्रमा सूचीकृत रहेका श्रमिकहरुलाई रोजगारीको लागि खटाउन प्रेरित गर्ने नीति लिइनेछ ।

७. वैदेशिक रोजगारमा गएका युवाहरुलाई स्वदेशमा फर्किने वातावरण तयार गरी कृषि, पर्यटन, उद्योग व्यपार, जडीबुटी खेती, पशुपालन र उर्जा उत्पादनको कार्यमा लगानीको वातावरण तयार गरी स्थानिय तह मै रोजगारीको सिर्जना गर्ने नीति लिइनेछ ।

**ग) प्रशासकीय सुशासन नीतिः**

१. कमलबजार नगरपालिका भित्र रहेका सबै संघ-संस्थाहरुले कानुनबमोजिम गर्नु पर्ने कार्यहरुः वार्षिक साधारण सभा, वार्षिक रुपमा लेखापरीक्षण गरे नगरेको अनुगमन गरिनेछ। गर्नुपर्ने कार्यहरु सम्पन्न नगरेका संघ संस्थाहरुलाई प्रचलित कानुन बमोजिम खारेज गर्ने तथा उत्कृष्ट संघ-संस्थाहरुलाई उचित सम्मानसहित पुरस्कृत गरिने नीति अबलम्बन गरिनेछ ।

२. कमलबजार नगरपालिका अन्तर्गतका सम्पूर्ण बडाहरुमा टोल विकास संस्था गठन गरिनेछ।

३. नगरपालिकामा सञ्चालित हुने गैरसरकारी संघ संस्थाले नगरपालिकाको अनिवार्य अनुमति लिएपश्चात आफ्नो कार्यक्षेत्र तय गरी सामूदायिक क्षेत्रमा काम गर्ने व्यवस्था मिलाइनेछ। संघ संस्थाको गठन, दर्ता, नविकरण र संचालनको लागि सो संग सम्बन्धित कानुन निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

४. विदेशी दातृ निकायहरूमार्फत अनुदान प्राप्त NGO र INGO एवं व्यापारिक संस्थाहरू तथा अन्य संघ संस्थाहरूले नगरपालिकाले प्राथमिकीकरण गरेका क्षेत्रहरूमा मात्र खर्च गर्न पाउने र सहकार्यमा काम गर्ने नीति अवलम्बन गरिनेछ।

५. नगर क्षेत्रमा क्रियाशील गैर सरकारी संस्थाहरुले नगर क्षेत्रमा कार्यक्रम तथा परियोजनाहरु सञ्चालन गर्दा प्रचलित कानुन बमोजिम नगरपालिकाबाट स्वीकृति प्राप्त गरेपश्चात मात्र कार्यक्रम तथा परियोजना सञ्चालन गर्न दिने नीतिलाई कडाईका साथ कार्यान्वयमा ल्याईने छ। उल्लेखित

संस्थाहरुले सञ्चालन गर्ने समान प्रकृतिका कार्यक्रम र परियोजनालाई नगरपालिकाको स्वीकृति लिई संयुक्त रुपमा सञ्चालन गराउने नीति समेत अबलम्बन गरिने छ ।

६. सुशासनका आधारभूत पक्षहरु उत्तरदायित्व, जवाफदेहिता, पारदर्शिता, जनसहभागितालाई प्रवर्द्धन गर्दै सेवाग्राहीहरुलाई सुशासनको अनुभूति दिलाइनेछ। नगर कार्यपलिकाको कार्यालय र प्रत्येक वडा कार्यालयमा गुनासो पेटिकाको व्यवस्था गरिनेछ। नगरपालिकाको सेवाप्रवाह तथा काम कारबाहीका सम्बन्धमा चौमासिक रुपमा सार्वजानिक सुनुवाई गरिनेछ । बडामा पनि वडास्तरीय सार्वजानिक सुनुवाई गरिनेछ।

७. नगर कार्यपालिकाको कार्यालय र प्रत्येक वडा कार्यालयमा नागरिक वडापत्र अपडेट गर्ने व्यवस्था मिलाईने छ। सेवाप्रवाहका सन्दर्भमा प्राप्त हुन आएका सल्लाह, सुझाव, गुनासो र उजुरीको सुनुवाई तत्कालै हुने गरी आवश्यक व्यवस्था मिलाइनेछ।

८.सेवाग्राहिहरुलाई सहज रुपमा सेवा प्रदान गर्नकालागी नागरिक सहायता कक्षको स्थापना गरिनेछ।

९. सूचनाको हकको कार्यान्वयनको लागि नियमित रुपमा त्रैमासिक प्रतिवेदन प्रकाशन गर्दै जनताले माग गर्ने कानुन बमोजिमका जुनसुकै सूचना उपलब्ध गराउनका लागि एक संयन्त्र निर्माण गरी जनताको सूचनाको हकको सम्मान गरिनेछ।

१०. कमलबजार नगरपालिकाको वार्षिक लेखापरीक्षणद्वारा औल्याइएका बेरुजु न्यूनिकरण गर्न बेरुजुको छानविन गरी फरछ्यौट गरी सम्परीक्षण गरिनेछ।

११. नगरस्तरीय अनुगमन समिति गठन गरी नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण गतिविधिहरुको अनुगमन कार्यलाई व्यवस्थित गरिने छ।

१२. व्यापारीहरुले नगरबासीको जीवनसँग प्रत्यक्ष सरोकार राख्ने उपभोग्य वस्तुहरुको विक्री गर्दा अनिवार्य मूल्य सूची राख्नु पर्नेछ, सो राखे नराखेको नियमित अनुगमन गरिने छ। मूल्य सूची नराखी बढी मून्यमा सामान विकी गरी कालाबजारी गर्नेलाई कडाइका साथ कानूनको दायरामा ल्याइने छ। सो का लागि आवश्यक कानुन निर्माण गरिनेछ। अखाद्य तथा म्याद नाघेका खाद्यवस्तुको बिक्रि वितरण गर्ने कार्य बन्द गरिने छ।

१३. नगरपालिकाले प्रवाह गर्ने सेवालाई कर तथा शुल्क संग आवद्ध गरिनेछ। आन्तरिक आय वृद्धि गर्ने रणनीति अवलम्बन गरिनेछ। राजश्व परामर्श समितिको सुझाबका आधारमा कर, दस्तुर, शुल्क, भाढा निर्धारण गरिनेछ। तोकिएको समयमै कर बुझाउने करदातालाई सम्मान गरिने छ। करदाता शिक्षा मार्फत नगरवासीलाई कर तिर्न अभिप्रेरित गरिने छ।

१४. कमलबजार नगरपालिकाको सार्वजनिक सम्पत्तीको विवरण अध्यावधिक गरी गराई संरक्षण गरिनेछ।

१५. उपभोक्ता समिति को कार्य क्षमता, कार्यकुशलता अभिवृद्धि गर्न अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। योजनाको लागत इष्टिमेट उपभोक्ता समितिले बुझ्ने नेपाली भाषामा तयार गर्ने नीतिगत व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

१६. योजना अनुगमन तथा मूल्याङ्कन कार्य निरन्तर रुपमा हुने व्यवस्था मिलाइने छ। उत्कृष्ट कार्य सम्पन्न गर्ने उपभोक्ता समिति तथा टोल विकास संस्थालाई सम्मान तथा प्रोत्साहन गर्ने नीति लिइनेछ।

१७. राज्य सञ्चालनको महत्वपूर्ण स्रोत राजस्व रहेकाले आन्तरिक राजस्व सुदृढिकरण गर्न राजस्व सुधार कार्ययोजनालाई कार्यान्वयन गरिनेछ। प्रगतिशील कर प्रणाली अवलम्बन गर्नुका साथै करका नयाँ क्षेत्रहरु पहिचान गरी करको दायरा बढाइनेछ। कर प्रशासनलाई सरल, सबल र पारदर्शी बनाईने छ। सबै किसिमका आय र व्यवसायलाई करको दायरामा ल्याइनेछ। करदाताको अभिलेख अद्यावधिक गरिनेछ।

१८. सम्पत्ति कर प्रणालीमा जाने नीति अवलम्बन गरिने छ। करका नयाँ संभावना पहिचानका लागि अध्ययन गरिने छ। घर बहाल कर नियमित रुपमा बुझाउन प्रोत्साहन गरिने छ र नियमित रुपमा अनुगमन गर्ने व्यवस्था मिलाईनेछ।

१९. कमलबजार नगरपालिका तथा मातहतका कार्यालयहरुद्वारा दिइने सार्वजनिक सेवालाई प्रविधिमैत्री बनाउन जोड दिइनेछ ।

**घ) कानुन तथा न्याय नीतिः**

१. पालिकालाई आवश्यक पर्ने ऐन, नियम कानुनहरुको मस्यौदा तयार गरि लागू गर्न जोड दिइनेछ।

२. कमलबजार नगरपालिकाको न्यायिक समितिलाई थप व्यवस्थित बनाउन आवश्यक व्यवस्था गरिनेछ ।

३. असहाय र अन्यायमा परेकाहरुलाई निःशुल्क कानूनी परामर्शका लागि आवश्यक व्यवस्था मिलाईनेछ। कानुन विपरित स्थापना भएका उधोग, कलकारखाना, प्राकृतिक स्रोतको अनुचित तवरले दोहन गर्नेलाई कानुनको दायरामा ल्याउन जोड दिइनेछ। केन्द्र र सबै बडाहरुमा विवाद समधानका लागि मेलमिलाप केन्द्र स्थापना र सञ्चालन कार्यलाई अद्याबधिक गरी सञ्चालन गरिनेछ।

४. न्याय, कानून, मानव अधिकार प्रवर्द्धन तथा मेलमिलाप र मध्यस्थता, निर्णय तथा फैसला कार्यान्वयनलाई व्यावहारिक रुपम कार्यान्वयनमा ल्याइनेछ। न्याय तथा कानूनी राज्यको परिपालना गर्दै मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन गरी व्यक्ति र समुदायबीच मेलमिलाप र मध्यस्थताको कार्यलाई व्यावहारिक रुपमा कार्यान्वयनको सुरुवात गरिनेछ। न्यायिक समितिका कार्यलाई प्रभावकारी र पारदर्शी बनाईनेछ।

५. नीति, ऐन, नियम, कानुनको प्रमाणित प्रतिको संरक्षण, प्रकाशन र अभिलेखलाई व्यवस्थित गरिनेछ। निर्माण भएका कानूनहरु सर्वसाधारणको जनकारीको लागि स्थानीय राजपत्रमार्फत् प्रकाशन गरिनेछ।

**ङ) शान्ति तथा सुव्यवस्था नीतिः**

१. शान्ति सुरक्षालाई मध्यनजर गर्दै बजार क्षेत्रमा हुने सम्पूर्ण गतिविधिहरुको जानकारीका लागि सि.सि. क्यामेराको बिस्तारलाई निरन्तरता दिँदै अन्य क्षेत्रहरुमा समेत विस्तार गरिनेछ।

२.नगरक्षेत्रको शान्ति सुरक्षा तथा अमनचैन कायम गर्नका लागी नगरप्रहरीको व्यवस्था गरिनेछ।

**च) वाताबरण तथा जलवायु नीतिः**

१. वन तथा जैविक विविधताको संरक्षण गर्दै वैज्ञानिक वन व्यवस्थापनलाई उच्च प्राथमिकता दिइनेछ।

२. बाढीबाट जोगाउन भू-संरक्षण, तटवन्ध व्यवस्थापन, वृक्षारोपण र जैविक विविधतालाई संरक्षण गरिनेछ।

३. सामुदायिक वन उपभोक्ता समूहहरुलाई नियमन र नियन्त्रण गर्दै वन संरक्षण तथा विकास गर्ने नीति अवलम्वन गरिने छ।

४. सार्वजनिक तथा वन क्षेत्रभित्रका खाली जमिनमा वृक्षारोपण गर्दै लगिने छ।

५. वातावरण संरक्षण सम्बन्धमा विद्यालयस्तरसम्म चेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ।

६. नगर क्षेत्रभित्र एक बडा एक उद्यान कार्यक्रमलाई जोड दिइनेछ।

७. वन, जङ्गल, बन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, बातावरण, पर्यावरण तथा जैविक विविधतासम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गरिनेछ।

८. सामूदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कबुलियती वनको संरक्षण, सम्वर्द्धन, उपयोग र नियमन गरिनेछ।

९. सडक किनारा र सार्वजनिक खाली जग्गा, पाखा वा पखेरा क्षेत्रमा वृक्षारोपण गरी सम्भार, उपयोग र व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ।

१०.नर्सरी स्थापना, विरुवा उत्पादन, वितरण, रोपण र प्रबर्द्धन कार्यक्रममा सरोकारवाला निकायको समन्वय र सहयोगमा उचित व्यवस्थापन गरिनेछ।

११.स्वच्छ तथा स्वस्थ वातावरण र जलाधार तथा वन्ययजन्तुको संरक्षण व्यवस्थापन सम्बन्धी नीति, कानून, कार्यकम तर्जुमा, कार्यान्वयन र नियमन गरिनेछ।

१२.फोहरमैलालाई व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइट निर्माण गरिनेछ। सरोकारवाला निकायको सहयोगमा ल्याण्डफिल साईटसम्बन्धी थप अध्ययन गरी फोहर व्यस्थापनको दीगो प्रबन्ध मिलाइनेछ। जथाभावी फोहर फाल्ने कार्यलाई निरुत्साहित गरी नगरक्षेत्रको सबै

स्थानमा स्थानीय उद्योग बाणिज्य संघ र बजार विकास समिति मार्फत सरसफाई अभियान सञ्चालन गरिनेछ।

१३. बातावरण प्रदुषण हुन नदिन नगरपालिका भित्र मापदण्ड विपरितका प्लाष्टिकको विक्रि वितरण, प्रयोगमा रोक लगाउने नीति लिईनेछ।

**छ) विपद व्यवस्थापन नीतिः**

१. विपद व्यवस्थापन प्रकोपकजन्य जोखिमलाई न्यूनीकरण गर्न विपद् पूर्व तयारी योजना वा स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा गरिनेछ। बिकासका योजना तयार गर्दा विपद् न्यूनिकरणका पक्षमा विशेष ध्यान दिईने छ। उद्धार कार्यको लागि राहत सामग्री खरिद र जनशक्ति सम्बन्धी आवश्यक नीति नियम तर्जुमा गरिनेछ ।

२. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वयन गरिने छ। विपद् पूर्वतयारीका लागि समुदायको क्षमता विकास सम्बन्धी कियाकलापका लागि अन्य सरकारी, गैरसरकारी संघ संस्थाको रचनात्मक सहयोग प्राप्तिका लागि पहल गरिने छ। विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वयको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।

३. विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन नगरस्तरीय विपद् व्यवस्थापन समिति तथा अन्य उप-समिति र सरोकारवाला संघसंस्थाहरुलाई समन्वयात्मक ढंगबाट परिचालन गर्ने नीति अवलम्बन गरिने छ।

**सभा सदस्य ज्यूहरु**

**<u>ड) सामाजिक विकास नीतिः</u>**

**क.शिक्षा नीति**

**<u>क)शैक्षिक व्यवस्थापन तर्फ(हामि सबैको प्रण,सार्वजनिक शिक्षाको सबलिकरण)</u>**

१. शैक्षिक गुणस्तर अभिवृध्दि तथा विद्यालययहरुको समग्र व्यवस्थापन पक्षको अवस्थाको पहिचान र सुधारको लागि पुनः आ व २०८१।०८२ को तेस्रो त्रैमासिकमा समग्र शैक्षिक संस्थाहरुको सघन अनुगमन गरी मापदण्ड भित्र नपर्ने विद्यालयहरुलाइ नजिकको विद्यालयमा समायोजन गरिने छ र आवश्यकताका आधारमा तह मिलान गरीने छ।समायोजन भइ जाने विद्यालयमा कार्यरत नगर अनुदान कोटा स्वतः खारेज हुने छ ।

२. कमलबजार नगरपालिकाको मुटुमा रहेको शक्ति आधारभुत विद्यालयलाइ नगरकै गौरवका रुपमा विकास गरि आवश्यक जनशक्ति कमलबजार नगरपालिकाबाट क्रमशःपुर्ति गर्दै लगिने छ।

३. एक मावि एक कम्प्यूटर शिक्षक र एक पुस्तकालय व्यवस्थापक कार्यक्रमलाइ निरन्तरता दिइने छ।

४. शैक्षिक सुधारका विषयमा आवश्यकता अनुसार शिक्षक, अभिभावक, विद्यार्थी, राजनैतिक दल, वुद्धिजिवी, पेशागत संघ संगठन लागायतका व्यक्तीहरुसङ्ग निरन्तर छलफल, सहकार्य तथा समन्वय गरिनेछ।

५. नगर भित्रका सामुदायिक विद्यालयहरुमा क्रमशः डिजिटल प्रविधिको पहुँच सुनिस्चित गरिनेछ।

६. आधारभूत तह कक्षा-८को अन्त्यमा लिइदै आएको परिक्षालाई थप व्यवस्थित गरिदै लगिनेछ।

७. विद्यालय कर्मचारी, बालविकास शिक्षकहरु,सामुदायिक सिकाइ केन्द्रका परिचालिका र प्रधानाध्यापकहरुलाइ प्रोत्साहित गर्न नेपाल सरकारले निर्देशन गरेको नपुग रकम नगरपालिका बाट उपलब्धगराइनेछ।

८. न्यून शिक्षक दरवन्दी भएका र दरबन्दि नै नभएका विद्यालयमा प्रदान गरिएका नगर शिक्षक कोटाहरुलाई यथावत कायम गरिनेछ । सोका लागी नगर शिक्षक अनुदानको व्यवस्था गरिनेछ।

९. विद्यालय सुपरिवेक्षण तथा अनुगमन कार्यलाई थप व्यवस्थित गरिदै लगिनेछ ।

१०. विद्यालयमा अध्ययनरत विद्यालय उमेर समुहका बालबालिकाहरुलाइ जुकाको औषधी, फोलिक तथा आइरन चक्की, दिवा खाजा, पाठ्यपुस्तक, छात्रवृत्ति, किशोरीहरुलाइ सेनेटरी प्याड लगायतका कार्यक्रमहरुलाइ निरन्तरता प्रदान गरिनेछ।

११. विद्यालय दिवाखाजालाइ व्यवस्थित र प्रभावकारी बनाउन प्रदान गरीदै आएको अनुदानलाइ निरन्तरता दिइने छ र स्थानीय उपजमा आधारित दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित गरिदै लगिनेछ।

१२.शैक्षिक गुणस्तर सुधार ल्याउन रणनितिक योजान निर्माण गरि लागु गरिने छ।

१३.सामुदायिक विद्यालयको दिवाखाजा कार्यक्रमलाई थप गुणस्तरिय बनाईनेछ।

१४.नगरपालिका अन्तरगतका प्राविधीक उच्च शिक्षाको अवसर प्राप्त गर्ने जेहेन्दार र विपन्न विद्यार्थिहरु लाई छात्रवृति को व्यवस्था गरिने छ।

**<u>ख. शैक्षिक सुशासन तर्फ</u>**

१. विद्यालयका शैक्षिक तथ्याङ्कहरुलाई विश्वसनिय तथा भरपर्दो वनाउन विद्यालयहरुलाई निरन्तर निर्देशन गरीनेछ।

२.शैक्षिक तथ्याङ्कको प्रमुख स्रोतको रुपमा शैक्षिक व्यवस्थापन सूचना प्रणालि(IEMIS) लाई लिइनेछ।

३. सबै विद्यालयमा सूचना अधिकारी तथा गुनासो सुनुवाइ सयन्त्रको प्रभावकारी कार्यान्वयन गरीनेछ।

४. शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा विद्यालय तथा विद्यार्थीको तथ्याङ्क बढाइ चढाइ अविश्वसनीय रुपमा प्रविष्ट गर्ने प्रधानाध्यापकहरुलाइ निरुत्साहित गरिने छ।

**ग. क्षमता विकास तर्फ**

१. पाठ्यक्रम कार्यान्वयनका लागी समय समयमा मागमा आधारित क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२. कक्षाकोठामा सूचना प्रविधिलाई प्रयोगमा ल्याउन शिक्षकहरुलाई सूचना प्रविधिमा आधारित तालिमको व्यवस्था गरिनेछ ।

३. विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघलाई विद्यालय व्यवस्थापन कार्यमा थप जिम्मेवार बनाउन विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरुको क्षमता विकास गरिनेछ ।

४. सबै तहका शिक्षकहरुलाई शिक्षक पेशागत सहयोग, पृष्ठपोषण आदान प्रदान, कार्यक्रम सञ्चालन गरिनेछ ।

५. सामुदायिक सिकाइ केन्द्रहरुको क्षमता विकास गरी शैक्षिक क्रियाकलापमा सकृय सयभागी गराइनेछ ।

६. आवश्यक्ता अनुसार बालविकास तथा विद्यालय क्रमचारीहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

७. विभिन्न संघ संस्थाहरुको सहकार्यमा शिक्षकको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

**घ. विद्यालय भौतिक पुर्वाधार तर्फ**

१. विद्यालयको आवश्यक्ता अनुसार भवन, शौचालय, खानेपानी, खाजाघर निर्माण, विद्यालय खेलमैदान, घेरा पर्खाल र मर्मत सम्भारका लागि संघ, प्रदेश तथा विभिन्न निकायहरुसङ्ग सहकार्य गरि विद्यालय पूर्वाधार सुधार गरिने छ।

२.विद्यालय भवनको टिन छाना मुक्त गरी क्रमशः सवै विद्यालयमा पक्कि भवन निर्माण गरिनेछ।

३.आकस्मिक प्रकोपका कारणले विद्यालयको पठनपाठनमा वाधा सृजना हुने गरी सामान्य क्षतिलाइ मर्मत गरी पुनः पठनपाठन सुचारु गर्नका लागि आपतकालिन कोष स्थापना गरिने छ।

**ङ. विद्यालय अतिरिक्त क्रियाकलाप तर्फ**

१. विद्यार्थीहरुको सिकाइ स्तर सुधारका लागि तहगत रुपमा विद्यार्थी अतिरिक्त क्रियाकलाप सञ्चालन गरिने छ।

२. विद्यार्थीहरुका प्रतिभा पहिचान गर्न विविध अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

३. विद्यालयमा विभिन्न दिवसीय क्रियाकलाप सञ्चाल गर्न लगाइनेछ ।

४. विद्यार्थी अतिरिक्त प्रियाकलापमा उत्कृष्ठ विद्यार्थीहरुलाइ प्रोत्साहन गरिने छ ।

**च. युवा तथा खेलकुद विकास तर्फ**

१. विद्यार्थीहरुलाई खेलप्रति जागरुक गराउन नगरपालिका स्तरीय विभिन्न प्रतिसप्रधात्मक खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ।

२.राष्ट्रपति रनिङ्ग सिल्डलाई निरन्तरता दिइने छ ।

३.राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा सहभागि हुने विद्यालय, उक्त खेलकुद सञ्चालन खर्च, जिल्ला बाहिर नगरका खेलाडी सहभागि हुदाको खर्च र जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुदमा सहभागिता खर्चलाइ निरन्तरता दिइने छ ।

४. कम्तिमा १२ कक्षा उतिर्ण गरेका कमलबजार नगरपालिका अन्तर्गतका १० जना युवाहरुलाइ मोबाइल फोन मर्मत सम्बन्धि तालिम प्रदान गरिने छ ।

**ख) स्वास्थ्य नीतिः**

१. प्राथमिक स्वास्थ्य केन्द्र कमलबजारमा मेडिकल अधिकृत ,रेडियोग्रापर र प्रयोगशालाका दक्ष जनशक्ति ब्यवस्थापन गरि आकस्मिक सेवा प्रभावकारी बनाईने छ साथै आयुर्वेर्दिक सेवा लाई थप बजेट ब्यवस्थापन गरि समुदाय सम्म सेवा बिस्तार तथा सहजता र गुणस्तरियता प्रदान गरिने छ ।

२. स्वास्थ्य संस्थाहरुको भौतिक सुधार तथा दक्ष जनशक्ति पदपुर्ति मार्फत प्रथम सेवा बिन्दुको रुपमा बिकास गरि प्रदान गरिने सेवा को सहजता र गुणस्तरमा सुधार गरिने छ ।

३. क्वालेख बर्थिङ्ग सेन्टर लाई थप श्रोत साधन र जनशक्ति ब्यवस्थापन गरि सेवा बिस्तार गरिने छ सेवाको पहुच नपुगेका सेराको फल्टाने र चाल्साको खामाहाल्नेमा बर्थिङ्ग सेन्टर तथा स्वास्थ्य केन्द्र सञ्चालनमा ल्याईने छ।

४. नगरपालिका सँग बिशेषज्ञ सेवाका लागी सहकार्य गर्न ईच्छुक सामुदायिक तथा सरकारी संघ संस्था सँग सहकार्य समन्वय गरि आखाँ ,मुटु ,नाक कान धाटी ,स्त्री रोग शिबिर सञ्चालन गरि सेवा प्रदान गरिने छ ।

५. जेष्ट नागरिकको स्वास्थ्य उपचार र पोषण सुबिधा प्रदान गरिने छ सत्तरी बर्ष भन्दा माथी को उमेरका जेष्ट नागरिक लाई स्वास्थ्य चौकी र न्याय हेल्थ नेपालको सहकार्य मा प्रमुख सँग जेष्ट नागरिक घरदेलौ कार्यक्रम मार्फत मासिक रुपमा र माग बमोजिम आधारभुत औषधी उपचार तथा फलोअफको ब्यवस्था मिलाईने छ ।

६. स्वास्थ्य चौकीहरु लाई प्रबिधी सगै जोडन र अनलाईन प्रतिवेदनका लागी सबै स्वास्थ्य संस्थाहरुमा ईन्टरनेट जडान तथा ई-हाजिरि जडान गरि प्रबिधी मैत्री बनाईने छ।

७. ग्रामिण भिडियो एक्सरे कार्यक्रम को निरुन्तरता मार्फत समुदायमा गर्भवती स्वास्थ्य जाच ,सेटेलाईट किल्निक मार्फत समुदायमा परिवार नियोजनको सेवा प्रदान तथा न्याय हेल्थको

सहकार्यमा नियमित गर्भवती जाच तथा प्रयोगशाला सेवा र नसर्ने रोगको स्क्रिनिङ्ग तथा उपचार मार्फत समुदाय तहमा सेवा प्रदान गरिने छ ।

८. उपप्रमुख नसर्नेरोग रोकथाम कार्यक्रम मार्फत उच्च रक्तचाप,मधुमेह,दमका रोगीहरुको पहिचान तंथ्याङ्ग संकलन गरि स्वास्थ्य चौकीमा कार्ड बनायर नियमित औषधी निशुल्क प्रदान गरिने छ।

९. महिला स्वास्थ्य स्वंयसेबिकाको क्षमता बिकास गरिने छ र सेवाको कदर स्वरुप प्रोत्साहन रकम प्रदान गरिने छ।

१०. संघ र प्रदेश सरकारका प्राथमिकता प्रदान खोप,पुर्ण खोप निरन्तरता ,क्षय रोग,कुष्ट रोग,परिवार नियोजन ,एआरटी,सुरक्षित मातृत्व,नसर्ने रोग को रोकथाम लगायत सम्पुर्ण कार्यक्रममा नगरपालिकाको सहकार्य रहने छ।

११. बहुक्षेत्रिय पोषण कार्यक्रम लाई निरन्तरता दिईने छ।

१२. १००० सुनौला दिनका आमा तथा बालबालिका हरु संग नगर उपप्रमुख कार्यक्रम संचालन गरिनेछ,

**ग) खानेपानी तथा सरसफाई नीतिः**

१. गैर सरकारी संस्था संगको लागत साझेदारीमा सबै नगरबासीहरूलाई एक घर एक धारा निर्माण गरी स्वच्छ तथा सफा खानेपानीको लागि अल्पकालिन र दीर्घकालीन योजना कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ ।

२. कमलबजार वृहत पोखरी मार्फत वितरण हुने खानेपानी योजना आर्थिक वर्ष २०८१/८२ सम्म सम्पन्न गरी खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई हस्तान्तरण गरी मिटर प्रणाली लागू गरिनेछ ।

३. पूर्ण तथ्याङ्गमा आधारित N-WASH प्रणालीमा तथ्याङ्क प्रविष्टि गरी खानेपानी तथा सरसफाइ आयोजनाहरु संचालन गरिनेछ।

४.नगरक्षेत्र भित्रका खानेपानी योजनाको नियमित मर्मतसम्भार गरिने छ।

५. कमलबजार नगरपालिकालाई पूर्ण सरसफाईयुक्त नगर निर्माण गर्न विभिन्न सरकारी, गैर-सरकारी संघ- संस्थाको सहयोग र समन्वय तथा आम नागरिक समेतको सहभागितामा पूर्ण सरसफाई कार्यक्रम लागू गरिने

६. नगर क्षेत्रभित्रका विद्यालय, सार्वजनिक स्थान/चोकहरुमा खानेपानी धाराहरुको जडान गर्ने एवं सार्वजनिक शौचालयहरुको निर्माण गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

७. वर्षातको समयमा खानेपानीमार्फत् विभिन्न सरुवा रोगको महामारी फैलिने सम्भावनालाई मध्यनजर गर्दै सरोकारवाला सहयोगी निकाय समेतको सहयोग र समन्वयमा पानी शुद्धीकरणका लागि विभिन्न विधिका बारेमा आम नागरिकहरुमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।

८. पालिकाभित्रका बजार क्षेत्र तथा सार्वजनिक क्षेत्रहरुमा सरसफाई गर्ने नीति लिइनेछ।

९.जलवायु परिवर्तन बाट हुने जोखिम न्यूनिकरणका लागी रिचार्ज पोखरीको निर्माण गर्ने नीति लिइनेछ यसका लागी १ वडा २ रिचार्ज पोखरी निर्माण गरिने छ।

१०. सरकारी कार्यालयहरुको खानेपानी तथा सरसफाई कार्यलाई प्रभावकारी बनाईनेछ।

**घ) सामाजिक सुरक्षा तथा संरक्षण नीतिः**

१.महिलाको आर्थिक सामाजिक,राजनीतिक र विकासात्मक क्षेत्रमा अर्थपुर्ण सहभागिता गराईनेछ।समावेशिकरण र मुलप्रवाहीकरण गरी सशक्तिकरण गर्दै दिगो विकासको लक्ष्य हासिल गरीनेछ ।

२.लक्षित बर्गको क्षमता विकासका लागि नेतृत्व विकास तथा सशक्तिकरणका कार्यक्रम सञ्चालनमा जोड दिईनेछ, पछाडि पारीएका ,एकल ,अति विपन्न महिलाहरु तथा किशोरीहरुको शसक्तिकरण गर्दै महिलाहरु तथा किशोरीहरुलाई आत्मनिर्भर बनाउन सिपमुलक र आयमुलक कार्यक्रम सञ्चालन गरीनेछ ।

३.नगर प्रमुख संग जेष्ठ नागरीक सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ र जेष्ठ नागरीक उपचारका लागि शिविर सञ्चालन गरीनेछ।

४.बालबिबाह न्युनिकरणका लागि विशेष कार्यक्रम नगरकी छोरी प्यारी छोरी कार्यक्रमलाई निरन्तरता दिने र बिस बर्ष पुरा गरी बिबाह गर्ने जोडिलाई उच्च शिक्षा र व्यावसायिक बनाउन सम्मान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरीनेछ। बालबिबाह ,बाल श्रम,बाल हिंसा न्युनीकरणका लागि विभिन्न सचेतनामुलक कार्यक्रम सञ्चालन गरीनेछ

५.मर्यादित महिनावारी व्यवस्थापनाका लागि (धामी झाक्रि,धार्मीक गुरुहरु र सरोकारवालाहरुलाई) सचेतनामुलक कार्यक्रम सञ्चालन गरीनेछ ।

६.अपांगता भएका व्यक्तिहरुलाई परीचय पत्र वितरण शिविर सञ्चालन गरीनेछ र सिप तथा व्यवसायिक बन्न सिपमुलक कार्यक्रम सञ्चालन गरीनेछ ।

७.लक्षित वर्ग पहिचान हुने गरी खण्डीकृत तथ्यांक संकलन तथा अद्यावधिक गरी त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गरीनेछ ।

८.सामाजिक सद्भाव तथा लैंगिक हिंसा न्युनीकरणका लागि पुरुष तथा परीवारको भुमीका विषयक क्रियाकलाप सञ्चालन गरीनेछ।

९.लैंगिक हिंसा निवारण कोष, आपतकालिन बाल राहात कोषमा बजेटको व्यवस्था गरी कोष परीचालनलाई निरन्तरता दिईनेछ।

१०.लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्य परीयोजना कार्यक्रम विस्तार गरी निरन्तरता दिईनेछ।

११. बालबालिका संग नगरप्रमुख सम्बाद कार्यक्रम संचालन गरिने छ।

१२.लैंगिक समानता तथा सामाजिक समावेशिकरण गर्दै सामाजिक न्याय स्थापना गर्नका लागि लैंगिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण गरीनेछ ।

१३.उपप्रमुख संग कुटानि पिसानि मिल कार्यक्रम लाई निरन्तरता दिईनेछ।

१४. असहाय तथा विपन्न नागरिक संग उपप्रमुख कार्यक्रम सञ्चालन गरिनेछ।

**ङ) पूर्वाधार विकास नीतिः**

**क) यातायात पूर्वाधार नीतिः**

१. कमलबजार नगरपालिकाको नगरस्तरिय यातायात गुरुयोजना (MTMP) तयार पारिनेछ।

२.कमलबजार नगरपालिका केन्द्र विन्दु बाट वडाको केन्द्र विन्दुसम्मका सडकहरु ग्रभेल र नाला निर्माण सहित स्तरोन्नति गरिने छ।

३.सहरी विकासको लागी गुरुयोजना तयार पारिनेछ।

४.गर्ववति महिला र सुत्केरि महिला लाई जटिल समस्या आई चिकित्सक तथा दक्ष प्रसुतिकर्मि बाट सिफारिस भए निसुल्क यातायातको सुविधा प्रदान गरिनेछ।

५.सवारि साधन,ईन्धन र भ्रमणको प्रभावकारिता बढाउनका लागी विधुतिय अभिलेखीकरण गरिनेछ।

**ख) भवन आवास तथा सहरी विकास नीतिः**

१. घर नक्सा पास तथा भवन मापदण्ड लागू गरी नियमन गर्न जोड दिइनेछ।

२. घर नक्सा पास गरेर मात्र भवन निर्माणका लागि अनुमति दिइनेछ।

३. नगरपालिकाको प्रशासनिक भवन निर्माणका लागि आवश्यक पर्ने जग्गा प्राप्ति गर्ने र भवन निर्माण कार्यलाई पूर्णता दिइनेछ। बड़ा कार्यालय भवनहरुको निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

४. नगर क्षेत्रमा निर्माण हुने जुनसुकै प्रकारका सार्वजनिक एवं निजी संरचना भुकम्प प्रतिरोधी हुने गरी मात्र बनाउने/बनाउन अनुमति दिइनेछ।

५. नगरपालिका क्षेत्रभित्र रहेको धार्मिक, साँस्कृतिक, पर्यटन एवम् पूर्वाधार क्षेत्र तर्फको आवश्यक योजना पहिचान गरी DPR समेत तयार गरी नगरस्तरीय योजनामा समावेश गरिनेछ। ठूला बजेटका योजनाहरु संघ तथा प्रदेश सँग माग गर्न विशेष पहल गरिनेछ।

६. नगरपालिका क्षेत्रमा सञ्चालन हुने ५ लाखदेखि माथिका आयोजना र सो आयोजना सञ्चालन गर्ने
उपभोक्ता समिति/टोल विकास संस्था/निर्माण व्यवसायीको सम्पूर्ण विवरण खुल्ने गरी आयोजना स्थलमै होर्डिङ बोर्ड राखे नीतिलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न निरन्तरता दिइनेछ।

७.नगरपालिका क्षेत्रको व्यवस्थित, दीर्घकालिन एवं वातावरणमैत्री दीगो विकासका लागि भू-उपयोग गुरु योजना निर्माण गर्न जोड दिइनेछ। सो अनुसार आवास क्षेत्र, सार्वजनिक क्षेत्र, खुला एवं हरियाली क्षेत्र, सार्वजनिक पार्क, वन, कृषि एवं बाढि पहिरो बाट प्रभावित परिवारहरु का लागी सुरक्षित क्षेत्रको पहिचान गरी एकीकृत नगर विकास योजनाले निर्दिष्ट गरे बमोजिमका बस्ती विकास एवं व्यवस्थित नगर निर्माण गरिनेछ।

८.नगरक्षेत्र भित्रको जग्गाको बर्गिकरण गरि वैज्ञानिक भूमि व्यवस्थापन र भू-उपयोगको नीति क्रमशः कार्यान्वयनमा ल्याइनेछ।

९. एकीकृत बस्तीहरुमा विकासका पूर्वाधारहरुः सडक, शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी तथा सरसफाई आदि सुविधा विस्तार र सामुदायिक स्थलहरु निर्माण गर्न विभिन्न सरकारी तथा गैरसरकारी निकायहरु सँग समन्वय र सहकार्य गरिनेछ।

१०.वेलखेत,समैजिरवा,सुनखेत विरपथ र कालापानी घोडासैन मसानघाटमा प्रतिक्षालयको थप पूर्वाधार निर्माण गरि संचालनमा ल्याईनेछ।

**ग) उर्जा नीतिः**

१.सौर्य सडक बत्ति जडान गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

२.नगर भित्रका सार्वजनिक स्थान र सडक एवं बजार, नगर टोलहरुमा सडक बत्ती जडान कार्यलाई निरन्तरता दिइनेछ।

३.मुख्य बजार क्षेत्रमा सौर्य उर्जा (Solar Power) का सडक बत्ति राख्ने कार्यलाई निरन्तरता दिईनेछ।

४.कमलबजार नगरपालिका अन्तर्गत विद्युतीकरण हुन नसकेका टोलहरुमा विधुतलाईन विस्तारकालागि नेपाल विधुत प्राधिकरण संग समन्वय गरि विधुतलाइन विस्तार गरिनेछ।

५.लागत साझेदारीमा नविकरणिय उर्जा उपयोगको निति लिईनेछ।

**घ) सञ्चार तथा सूचना प्रविधि नीतिः**

१."**सूचना र सञ्चार, सर्वाङ्गीण विकासको आधार** निति अननुरुप सवै वडा कार्यालयमाहरुमा गुणस्तरिय ईन्टरनेट सेवालाई निरन्तरता दिँदै सेवा प्रवाहलाई सहज तथा सरलीकरण गरिनेछ।

२.नगर कार्यपालिकाको कार्यालय तथा बडा कार्यालयबाट दैनिक रुपमा संकलन हुने SUTRA (राजस्व software Module)मार्फत बिलिङ गरी व्यवस्थित तथा पारदर्शी गर्ने कार्य गरिने छ।

३.कमलबजार नगरपालिका सवै वडा कार्यालय,विद्यालय तथा स्वास्थ्य चौकिहरुमा सरोकारवाला निकाय संग समन्वय गरि फाइवर इन्टरनेट सेवाको पहुच पुर्याईनेछ।

४.कमलबजार नगरपालिका सवै वडा कार्यालय,स्वास्थ्य चौकि र मा.वि मा ई-हाजिरि जडान गरिनेछ।

५.सूचना तथा सञ्चार प्रविधिमा सर्वसाधारण जनताको सहज र सरल पहुँच तथा सूचना प्रविधिको विकास र विस्तारसम्बन्धी कार्यक्रम तर्जुमा गर्न जोड दिइनेछ।

६. दैनिक प्रशासनलाई छिटो छरितो बनाउन विद्युतीय प्रणाली लागू गरिनेछ।

अन्तमा

नगरको समग्र विकास र समृद्धिका लागि प्रस्तुत नीति तथा कार्यकमले अंगीकार गरेका विषयहरुको कार्यान्वयन महत्वपूर्ण हुनेछ। नेपालको सबिधानले आत्मसात् गरेको मूल्य, मान्यता र परिकल्पना, चालू आवधिक योजना, दिगो विकासको लक्ष्यसँग अन्तर सम्बन्धित हुदै यस नगरका आम जनसमुदायबाट प्रकट भएका भावना र अपेक्षालाई यस नीति तथा कार्यक्रमले समेट्ने प्रयास गरेको छ। यस अवसरलाई सदुपयोग गर्दै सम्पूर्ण नगरवासीहरुलाई स्वच्छ, निष्पक्ष, न्यायपूर्ण र प्रतिवद्ध नेतृत्व प्रदान गरिनेछ। आगामी बजेटबाट नीति तथा कार्यक्रममा व्यक्त प्रतिवद्धताहरुलाई सम्बोधन हुने विश्वास लिएको छ। यो नीति तथा कार्यक्रम स्वच्छ, सुखी, समुन्नत र समृद्ध नगरको खाकासहित कार्यान्वयन योग्य दस्तावेजको रुपमा रहेको छ। कमलबजार नगरपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यकम कार्यान्यवनमा सबै क्षेत्र, तह र निकायबाट सहयोग प्राप्त हुनेछ भन्ने विश्वास लिएको छ। नीति तथा कार्यक्रमका लागि सुझाब दिनु हुने र तर्जुमाको कार्यमा संलग्न हुनुहुने सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

धन्यबाद ।

१०असार २०८१

यज्ञप्रसाद ढकाल
नगर प्रमुख